- मानव अधिकार, सुशासन र पारदर्शितासम्बन्धी अन्तर्राष्ट्रिय आन्दोलनहरूले सामाजिक जवाफदेहितालाई थप सुदृढ बनाए।
- सूचना प्रविधि र सञ्चार माध्यमको विस्तारसँगै नागरिक सहभागिता बढ्यो र सार्वजनिक निकायमाथि निगरानी राख्ने अभ्यास व्यापक भयो।

(१०) पाठ-५

## नेपालको अर्थतन्त्र र विकास

क) अर्थतन्त्र भनेको के हो?

→ अर्थतन्त्र भनेको उत्पादन, उपभोग, विनिमय, वितरण तथा राजस्वको अन्तरसम्बन्धित क्रियाकलापहरूको समष्टिगत संरचना हो जसले दुर्लभ साधनहरूको उचित वितरण र सदुपयोगद्वारा मानवीय आवश्यकता पुरा गर्ने उद्देश्य लिएको हुन्छ।

ख) विकास भनेको के हो?

→ विकास भनेको सकरात्मक परिवर्तन हो। अर्थात देशको आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक, सांस्कृतिक आदि क्षेत्रमा हुने सकरात्मक परिवर्तन नै विकास हो।

ग) आर्थिक विकासका कुनै दुई सूचकहरूको नाम लेख्नुहोस्।

→ आर्थिक विकासका दुई सूचकहरू:

- उच्च प्रतिव्यक्ति आय
- उच्च राष्ट्रिय आय

घ) नेपालको आर्थिक विकासका कुनै दुई अवरोधकको नाम लेख्नुहोस्।

→ नेपालको आर्थिक विकासका दुई अवरोधकहरू:

- गरिबी
- बेरोजगारी

च) आर्थिक विकासलाई परिभाषित गर्दै यसका सूचकहरूको सूची तयार गर्नुहोस्।

→ आर्थिक विकास भनेको एउटा प्रक्रिया हो जसका कारण एउटा अर्थ व्यवस्थाको दीर्घकालसम्म वास्तविक राष्ट्रिय आय वृद्धि भइरहन्छ।

आर्थिक विकासका सूचकहरू:

Century
Page: Date:

- उच्च प्रतिव्यक्ति आय - उच्च मानव विकास सूचक
- उच्च राष्ट्रिय आय - आधारभूत आवश्यकताको परिपूर्ति
-

5.) अर्थव्यवस्थाका तीन प्रकारहरूको व्याख्या गर्नुहोस्।
→ अर्थव्यवस्थाका मुख्य तीन प्रकारहरू यसप्रकार छन्:
1) पुँजीवादी अर्थव्यवस्था:
यस प्रकारको अर्थव्यवस्थामा उत्पादनका साधन (जमिन, उद्योग आदि) निजी व्यक्तिको स्वामित्वमा हुन्छन्। बजारको माग र आपूर्तिका आधारमा मूल्य निर्धारण हुन्छ। सरकारको भूमिका सीमित हुन्छ। उदाहरणका रूपमा United States लाई लिन सकिन्छ।
2) समाजवादी अर्थव्यवस्था:
यस ~~प्रणालीमा~~ प्रणालीमा उत्पादनका साधन सरकारको स्वामित्वमा हुन्छन्। के उत्पादन गर्ने र कसरी वितरण गर्ने भन्ने निर्णय सरकारद्वारा गरिन्छ। समानता र सामाजिक न्यायलाई प्राथमिकता दिइन्छ। उदाहरणका रूपमा China लाई लिन सकिन्छ।
3) मिश्रित अर्थव्यवस्था:
यसमा पुँजीवादी र समाजवादी दुवै प्रणालीका विशेषताहरू हुन्छन्। निजी क्षेत्र र ~~सरकारी~~ सरकारी क्षेत्र दुवैले उत्पादन र सेवा क्षेत्रमा काम गर्छन्। Nepal जस्ता देशहरूले मिश्रित अर्थव्यवस्था अपनाएका छन्।

6.) नेपालको आर्थिक विकासलाई यसका सूचकका आधारमा व्याख्या गर्नुहोस्।
→ नेपालको आर्थिक विकासलाई ~~??~~ विभिन्न सूचकहरूका आधारमा यसरी व्याख्या गर्न सकिन्छ:
1) राष्ट्रिय ~~अर्थ~~ आय र प्रतिव्यक्ति आय:
नेपालको राष्ट्रिय आय र प्रतिव्यक्ति आय क्रमशः बढ्दै गएको छ। यसले देशमा उत्पादन र आयमा वृद्धि भएको देखाउँछ। तर अझै पनि विकसित देशहरूको तुलनामा आय कम रहेको पाइन्छ।
2) मानव विकास सूचकांक (HDI)
United Nations Development Programme ले प्रकाशन गर्ने मानव विकास सूचकांकमा नेपालको अवस्था क्रमशः सुधार भइरहेको छ। शिक्षा, स्वास्थ्य र आयका क्षेत्रमा सुधार देखिए पनि अझै मध्यम स्तरमै रहेको छ।

CamScanner

3) गरिबी दर:
नेपालमा गरिबी दर विगतका वर्षहरूको तुलनामा घट्दै गएको छ। गरिबी न्यूनीकरण कार्यक्रम र वैदेशिक रोजगारीबाट आउने रेमिट्यान्सले यसमा सहयोग गरेको छ।

४) रोजगारी अवस्था:
बेरोजगारी र अपुरो रोजगारी (underemployment) अझै चुनौतीका रूपमा छन्। धेरै युवाहरू रोजगारीका लागि विदेश जानु पर्ने अवस्था छ।
यी सूचकहरूका आधारमा हेर्दा नेपालको आर्थिक विकास क्रमशः अघि बढिरहेको छ, तर गरिबी, बेरोजगारी, औद्योगिक कमजोरी जस्ता समस्या अझै चुनौतीका रूपमा रहेका छन्।

## (२) (नेपालको विदेश नीति र नेपाल भारत तथा नेपाल-चीन सम्बन्ध)

क.) नेपालको संविधानमा उल्लिखित विदेश नीतिहरूमध्ये कुनै तीन बुँदा उल्लेख गर्नुहोस्।
→ नेपालको संविधानमा उल्लिखित विदेश नीतिहरू:
- सबैको सार्वभौमिकता र भौगोलिक अखण्डताको सम्मान गर्ने,
- कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने,
- पारस्परिक समानताको सम्मान गर्ने।

ख.) नेपालको सरकारले तय गरेका विदेश नीतिहरूमध्ये कुनै दुईको व्याख्या गर्नुहोस्।
→ नेपालको सरकारले तय गरेका विदेश नीतिहरूमध्ये कुनै प्रमुख नीतिको व्याख्या यसप्रकार गर्न सकिन्छ:
१) सार्वभौमिकता र भौगोलिक अखण्डताको सम्मान गर्ने नीति:
यस नीतिले नेपालले अन्य देशहरूको स्वतन्त्रता र सीमाको सम्मान गर्ने सुनिश्चित गर्छ।
२) कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने:
नेपालले अरू देशको आन्तरिक मामिलामा कुनै प्रकारको हस्तक्षेप नगर्ने, मित्रवत् सम्बन्ध कायम राख्ने र अन्तर्राष्ट्रिय कानुनको पालना गर्ने प्रतिबद्धता जनाउँछ।

ग.) नेपाल भारत बिचको आर्थिक सम्बन्धको समीक्षा गर्नुहोस्।
→ काम वा जागिर, पेसा व्यवसाय तथा आर्थिक सहयोग आदानप्रदानले नेपाल भारतको आर्थिक सम्बन्ध अत्यन्तै नजिकको छ। दुई देशबिचको खुला सिमाना र धार्मिक समानताका कारण ठुलो सङ्ख्यामा नेपालीहरू भारतमा र भारतीयहरू नेपालमा बसी कार्य गरेका छन्। नेपाल भारत व्यापार तथा पारवहन सन्धि वि.सं. २०३५ सालमा भएको थियो। त्यसैगरी वि.सं. २०५३ सालमा व्यापार सन्धि भएको थियो। यही व्यापार सन्धिका आधारमा नेपाल भारतबिचमा व्यापारिक कारोबारहरू हुँदै आएका छन्। नेपालका लागि आयात निर्यातको प्रमुख बजार नै भारत हो। साथै नेपाल र भारतका बिचमा आर्थिक सहयोग आदान प्रदान हुने गर्छ। नेपालले भारतलाई अप्ठ्यारो परेको समयमा सहयोग गर्दै आएको छ भने भारतले पनि नेपालका लागि विकास निर्माणका साथै अन्य क्षेत्रमा सहयोग गर्दै आएको छ। हाल नेपालमा सञ्चालित भारतीय सहायताका केही परियोजनाहरूमा बुटवल नारायणगढ सडक विस्तार परियोजना, दक्षिणकाली कुलेखानी सडक विस्तार परियोजना आदि पर्दछन्। यसरी नेपाल र भारतबिच घनिष्ट सम्बन्ध छ।

नेपालले भारतबाट आयात गर्ने प्रमुख वस्तुहरूमा औषधी, पेट्रोलियम पदार्थ, खाद्यान्न आदि पर्दछन् भने नेपालले भारतमा निर्यात गर्ने प्रमुख वस्तुहरूमा जुट, धागो, कृषिजन्य वस्तुहरू आदि पर्दछ।

घ) नेपाल भारत बिचको राजनीतिक सम्बन्धको उल्लेख गर्नुहोस्।
→ नेपाल र भारतबिचको राजनीतिक सम्बन्ध अनौपचारिक रूपमा परापूर्वकालदेखि थियो भने औपचारिक रूपमा सन् १९४७ देखि कूटनीतिक सम्बन्ध कायम गरी सौहार्दपूर्ण व्यवहार गर्दै आएको छ। राजनीतिक रूपमा नेपालले भारतसँग सधैँ स्वतन्त्र तथा सार्वभौम सम्पन्न देशको हैसियतबाट सम्बन्ध राख्दै आएको छ। नेपाल सरकारले नेपाल राष्ट्र र नेपाली जनताको हित अनुकूल हुने गरी भारत र भारतीय जनताको निष्ठा र प्रतिबद्धतालाई सुनिश्चित गर्ने र नेपालमा भारतका संवेदनशील सुरक्षा सरोकारहरूप्रति नेपाल सरकारले निरन्तर तथा प्रमाणित प्रतिबद्धता ~~प्रतिबद्धतालाई सुनिश्चित गर्ने र नेपालमा भारतका संवेदनशील सुरक्षा सरोकारहरूप्रति~~ प्रतिबद्धताको नीति अवलम्बन गरेको छ। नेपाल सरकारले भारतसँगको यस्तो नीतिलाई संस्थागत गर्नका लागि द्विपक्षीय संयन्त्रहरू निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ। समय समयमा भारतको उच्च राजनीतिक नेतृत्व नेपाल आउने गर्छन्। त्यसैगरी नेपालको राजनीतिक नेतृत्वबाट पनि समय समयमा भारतको भ्रमण हुँदै आएको छ। यसले पनि यी दुई देशका बिचमा राजनीतिक सम्बन्ध प्रगाढ छ भन्न सकिन्छ। तथापि यी दुई देशका बिचको राजनीतिक सम्बन्ध

अधिकांश समय सौहार्दपूर्ण रहे तापनि बेलाबखत उतारचढाव हुने गरेको पनि छ।

ङ.) नेपाल-चीनबिचको राजनैतिक सम्बन्धका विश्लेषण गर्नुहोस्।

→ नेपालले औपचारिक रूपमा चीनसँग सन् १९५५ देखि कूटनीतिक सम्बन्ध कायम गरी सौहार्दपूर्ण व्यवहार गर्दै आएको छ। नेपालले चीनसँग सार्वभौम समानता, पारस्परिक सम्मान, विश्वास, सद्भाव र समभदारीका आधारमा सम्बन्ध राख्दै आएको छ। चीनले अवलम्बन गर्दै आएको एक-चीन नीतिलाई नेपालले सधैं आत्मसात गरेको छ। समय समयमा चीनको उच्च राजनीतिक नेतृत्व नेपाल आउने गर्दछन्। त्यसैगरी नेपालको राजनीतिक नेतृत्वबाट पनि समय समयमा चीनको भ्रमण हुँदै आएको छ। यसले पनि यी दुई देशका बिचमा राजनीतिक सम्बन्ध प्रगाढ छ भन्न सकिन्छ। राजनीतिक रूपमा दुवै देशले एक अर्काको आन्तरिक मामिलामा कुनै हस्तक्षेप नगर्ने नीति अवलम्बन गरेका छन्।

च.) नेपाल चीन बिचको आर्थिक सम्बन्धको मुख्य विशेषता प्रस्तुत गर्नुहोस्।

→ नेपाल चीन बिचको आर्थिक सम्बन्धको मुख्य विशेषता :

१) चीनले नेपालमा सडक, जलविद्युत आयोजना र अन्य पूर्वाधारमा लगानी गर्छ, जसले पूर्वाधार र विकासमा सहयोग पुर्‍याउँछ।

२) भौगोलिक नजिकको अवस्थाले नेपाल-चीनबिचको व्यापारलाई सहज बनाएको छ, तर आर्थिक सन्तुलन सीमित रहेको कारणले व्यापारमा घाटा हुने समस्या देखा पर्छ।

३) नेपालले चीनबाट मुख्य रूपमा औद्योगिक सामग्री, विद्युतीय उपकरण र प्रविधि सम्बन्धी सामग्री आयात गर्छ, जसले घरेलु उत्पादन र उद्योगलाई सघाउँछ।

४) चीनसँगको व्यापार नेपालका लागि रणनीतिक रूपमा महत्वपूर्ण छ, किनभने यसले विकास परियोजना अघि बढाउने र आर्थिक सुदृढीकरणमा मद्दत गर्छ।

छ.) नेपालको परराष्ट्र नीतिका आधारहरू उदाहरणसहित व्याख्या गर्नुहोस्।

→ परराष्ट्र नीतिका आधार भन्नाले नेपालले आफ्नो अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति सञ्चालन गर्दा अपनाउने मुख्य सिद्धान्त वा मार्गदर्शन नियमहरू बुझिन्छ। नेपालको परराष्ट्र नीतिका आधारहरू :

१) सबैको सार्वभौमिकता र भौगोलिक अखण्डताको सम्मान गर्ने- नेपालले अरु देशको स्वतन्त्रता र सीमालाई सम्मान गर्छ।

२) पारस्परिक समानताको सम्मान गर्ने- पारस्परिक समानताको सम्मान गर्ने भन्नाले सबै देशलाई सानो-ठूलो भेद नगरी समान रूपमा व्यवहार गर्नु हो।

३) विवादको शान्तिपूर्ण समाधान गर्ने- द्वन्द्व वा विवादलाई युद्ध वा हिंसाको सट्टा संवाद र कूटनीतिक उपायबाट समाधान गर्ने।

४) कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने।

५) पञ्चशीलको सिद्धान्तका आधारमा व्यवहार गर्ने।

## ③ (नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध)

ख) BIMSTEC को पूरा रूप उल्लेख गर्नुहोस्।

→ BIMSTEC को पूरा रूप (The Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation) हो। यसलाई नेपालीमा बंगालको खाडी क्षेत्रीय बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोग पहल भनिन्छ। बहुक्षेत्रीय प्राविधिक र आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास भनिन्छ।

ग.) सार्कमा कतिओटा देशहरू भूपरिवेष्टित छन्? तिनीहरूको नाम उल्लेख गर्नुहोस्।

→ सार्कमा तीन राष्ट्रहरू नेपाल, भुटान र अफगानिस्तान भूपरिवेष्ठित छन्।

घ.) सार्क, बिम्स्टेक, ग्याट र WTO को स्थापना कहिले भएको थियो?

→ सार्कको स्थापना वि.सं. २०४२ मङ्सिर २३ (सन् १९८५ डिसेम्बर ८) मा ढाका सम्मेलनबाट भएको हो, बिम्स्टेकको स्थापना वि.सं. २०५४ (सन् १९९७) मा बैङ्ककमा भएको हो, ग्याटको स्थापना वि.सं. २००४ असिन २२ मा भएको हो र WTO को स्थापना वि.सं. २०५१ पौष १७ (जनवरी १, १९९५) मा भएको हो।

ङ.) बिम्स्टेकको लक्ष्य के हो? उल्लेख गर्नुहोस्।

→ बिम्स्टेकको लक्ष्य दुई तथा बहुराष्ट्रका बिचको सम्बन्धलाई विभिन्न सहयोगका माध्यमबाट सुदृढ गर्नु हो।

च) सार्कका उद्देश्यहरू प्रस्तुत गर्नुहोस।

→ सार्कका उद्देश्यहरू यसप्रकार रहेका छन्:-
दक्षिण एसियाका जनताको हितको वृद्धि गर्नु, ~~आफ्नो सामुहिक देशहरूका लागि~~
सामुहिक आत्मनिर्भरतालाई सुदृढ पार्नु, विभिन्न क्षेत्रमा सक्रिय सहयोग र आपसी सहयोगलाई बढावा दिनु र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरूसँग सहकार्य गर्नु।

छ) साफ्टाका सिद्धान्तहरू उल्लेख गर्नुहोस।

→ साफ्टाका सिद्धान्तहरू यसप्रकार रहेका छन्:-

- सदस्य राष्ट्रहरूमा हुने वस्तु र सामानको ओसार पसारलाई सहजीकरण गर्दै व्यापारसँग सम्बन्धित ~~कठिन~~ कठिनाइहरूलाई हटाउने,
- सदस्य राष्ट्रहरूको समग्र र समानुपातिक फाइदालाई सुनिश्चित गर्दै खुला व्यापार क्षेत्रमा स्वस्थ प्रतिस्पर्धाको वातावरणलाई प्रवर्द्धन गर्ने (- सम्झौताको कार्यान्वयनका लागि प्रभावकारी संयन्त्र स्थापना गर्ने,)
- परस्पर लाभको विस्तार र वृद्धिबाट ~~अरू~~ थप क्षेत्रीय सहयोगका लागि आवश्यक संरचना तयार गर्ने।

ख) विश्वमा एक राष्ट्रले अर्को राष्ट्रलाई आर्थिक सहयोग गर्ने प्रचलनको सुरुआत गर्नुको कारण के थियो?

→ विश्वमा एक राष्ट्रले अर्को राष्ट्रलाई आर्थिक सहयोग गर्ने प्रचलनको सुरुआत गर्नुको कारण ~~[illegible]~~ अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ बनाउँदै मित्रता, सहकार्य र कूटनीतिक प्रभाव बढाउने उद्देश्य हो। विश्वमा एक राष्ट्रले अर्को राष्ट्रलाई आर्थिक सहयोग गर्ने प्रचलन विशेषगरी दोस्रो विश्वयुद्ध पछि सुरु भएको हो। यसका मुख्य कारणहरू यस प्रकार छन्:-

1) युद्धपछि पुनर्निर्माणको आवश्यकता: दोस्रो विश्वयुद्धले धेरै देशहरूको अर्थतन्त्र, उद्योग, पूर्वाधार र कृषि प्रणाली ध्वस्त बनायो। त्यसलाई पुनः निर्माण गर्न धनी राष्ट्रहरूले आर्थिक सहयोग दिन थाले।
2) राजनीतिक प्रभाव विस्तार गर्ने उद्देश्य।
3) गरिबी न्यूनीकरण र विकास प्रवर्द्धन: विकासशील देशहरूमा गरिबी, बेरोजगारी र पिछडिएको अवस्थालाई सुधार गर्न विकसित देशहरूले आर्थिक सहायता दिन थाले।

8) अन्तर्राष्ट्रिय शान्ति र सहकार्य कायम गर्ने लक्ष्य।

ग) साफ्टाका उद्देश्यहरू उल्लेख गर्दै यसबाट नेपाललाई पुग्न सक्ने फाइदाहरूको सुची गर्नुहोस।

→ ~~साफ्टाका उद्देश्यहरू~~ SAFTA दक्षिण एसियाली क्षेत्रका देशहरूबीच स्वतन्त्र व्यापार प्रवर्द्धन गर्न बनाएको सम्झौता हो। यसको मुख्य उद्देश्यहरू यस प्रकार छन्:-

- सदस्य राष्ट्रहरूबीच भन्सार महसुल घटाउने।
- क्षेत्रीय व्यापार र आर्थिक सहकार्यलाई बढावा दिने।
- सदस्य राष्ट्रहरूको आर्थिक विकास र औद्योगिकीकरणमा ~~सहक~~ सहयोग गर्ने।
- आपसी विश्वास, साझेदारी र मैत्री सम्बन्ध सुदृढ बलियो बनाउने।
- गरिबी न्यूनीकरण र रोजगारीका अवसर सिर्जना गर्ने।

→ SAFTA बाट नेपाललाई पुग्न सक्ने फाइदाहरू:-

1) निर्यात वृद्धि: नेपालले भारत, श्रीलंका, बङ्गलादेश आदि देशमा आफ्ना वस्तु सजिलै निर्यात गर्न सक्छ।
2) भन्सार शुल्कमा कमी: कम शुल्कका कारण नेपाली वस्तु सस्तो भई प्रतिस्पर्धात्मक बढ्छन्।
3) बजार विस्तार: दक्षिण एसियाली देशहरूको ठूलो बजारमा पहुँच प्राप्त हुन्छ।
4) रोजगारी वृद्धि: उत्पादन र व्यापार बढेपछि रोजगारीका अवसर बढ्छन्।
5) आर्थिक विकासमा सहयोग: समग्र राष्ट्रिय आय र जीवनस्तर सुधार हुन मद्दत पुग्छ।

ट) विश्व व्यापार सङ्गठनको सदस्यका रूपमा नेपालका लागि अवसर तथा चुनौतीहरूको व्याख्या गर्नुहोस।

→ विश्व व्यापार सङ्गठनको सदस्यका रूपमा नेपालका लागि अवसर तथा चुनौतीहरू:
अवसरहरू

1) बजार पहुँचको विस्तार: WTO सदस्यता मार्फत नेपालले सदस्य देशहरूको ठूलो बजारमा सामान र सेवा निर्यात गर्न सक्छ।
2) निर्यात बढ्ने मौका: कम भन्सार र सजिलो व्यापारले निर्यात बढाउँछ।
3) विदेशी लगानी आकर्षण: अन्तर्राष्ट्रिय व्यापार नियमको सदस्य भएर नेपालले विदेशी लगानीकर्तामा विश्वास जगाउन सक्छ।

४) व्यापारिक विवाद समाधान: WTO को विवाद समाधान प्रणालीमार्फत अन्य देशसँग व्यापार विवाद समाधान गर्न सकिन्छ।

५) प्रविधि र ज्ञान हस्तान्तरण: सदस्यताले विदेशी कम्पनी र साझेदारसँग सहकार्य बढाउने अवसर दिन्छ, जसबाट प्रविधि र ज्ञान स्थानान्तरण हुन्छ।

चुनौतीहरू

१) घरेलु उद्योगमा दबाब: खुला बजारमा विदेशी वस्तु आयातले साना उद्योग र कृषकलाई प्रतिस्पर्धामा कठिनाइ पुर्याउन सक्छ।

२) विदेशी निर्भरता: निर्यात र आयात बढ्दा अर्थतन्त्र केही हदसम्म विदेशी बजार र मूल्यमा निर्भर हुन सक्छ।

३) कृषि क्षेत्रमा असर: सस्तो आयातले कृषक प्रभावित हुन सक्छ।

४) साना व्यवसाय कमजोर हुने सम्भावना हुन्छ।

## ४ (नेपालको वैदेशिक व्यापार)

क.) वैदेशिक व्यापार भनेको के हो?

→ वैदेशिक व्यापार भनेको कुनै देशले अरू देशहरूसँग गर्ने व्यापार हो। वैदेशिक व्यापारलाई अन्तर्राष्ट्रिय व्यापार पनि भनिन्छ। (फरक फरक देशका मानिसहरूबीच हुने वस्तु तथा सेवाको कारोबार भन्ने बुझिन्छ।)

ख) व्यापार सन्तुलनलाई परिभाषित गर्नुहोस।

→ व्यापार सन्तुलन भनेको देशको निर्यात र आयात बीचको आर्थिक सन्तुलन हो। दृश्य वस्तु तथा सेवाको कारोबारबिचको सन्तुलनलाई व्यापार सन्तुलन भनिन्छ।

ग.) बचत व्यापार (Trade surplus) भनेको के हो?

→ बचत व्यापार भन्नाले यस्तो वैदेशिक व्यापारको अवस्थालाई बुझाउँछ जसमा कुनै देशले अन्य देशहरूमा गर्ने निर्यात (Export) आयात (Import) भन्दा बढी हुन्छ।

घ.) व्यापार घाटालाई परिभाषित गर्नुहोस्?

→ व्यापार घाटा भनेको देशको आयात (Import) निर्यात (Export) भन्दा बढी हुनु हो।

ङ) नेपालको वैदेशिक व्यापारका ऐतिहासिक तथ्यहरू उल्लेख गर्नुहोस।

→ नेपालको वैदेशिक व्यापारको इतिहास आधुनिक नेपालको भन्दा पुरानो छ। पृथ्वीनारायण शाहको राज्य एकीकरण अभियान भन्दा अघिबाट नै यसको इतिहास सुरु हुन्छ। नेपालको एकीकरण हुनु अघि भारतका उत्तरी क्षेत्रहरूसँग तथा चीनको तिब्बतसँग व्यापार गतिविधिहरू थिए। नेपालको वैदेशिक व्यापारका लागि भारत सुरुदेखि सबैभन्दा ठुलो साझेदार हो भने त्यसपछिको ठुलो साझेदार चीन हो। एक समय नेपालको ९९ प्रतिशतभन्दा बढी व्यापार भारतमा सीमित थियो। वि.सं. २००७ भन्दा अघि नेपालको विदेश व्यापार भारत र चीनबाहेक संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका र फ्रान्समा मात्र सीमित थियो। नेपालको चौथो पञ्चवर्षीय योजना (२०२७-२०३२) ले वैदेशिक व्यापारमा व्यापार विविधीकरणको सिद्धान्त अवलम्बन गरेपछि मात्र नेपालको वैदेशिक व्यापार समुद्रपारका देशहरूसँग हुन थालेको हो र त्यसभन्दा अगाडि नेपालले वैदेशिक व्यापारबाट तुलनात्मक लाभ प्राप्त गर्न सकेको थिएन।

च.) नेपालको वैदेशिक व्यापारको वृद्धिको पुनरवलोकन गर्नुहोस।

→ पछिल्ला वर्षहरूको इतिहास हेर्दा व्यापारयोग्य वस्तुहरूको लेनदेनबाट व्यापार घाटा सन्तुलनमा बढ्दो प्रवृत्ति देखिन्छ। यो स्थिति निर्यातको आकारमा कमी र आयातको आकारमा वृद्धिको परिणाम हो। पेट्रोलियम पदार्थको आयात (Import) मा अधिक खर्चले अधिकांश वर्षमा सामानको निर्यातबाट आर्जन गरेको आम्दानीको तुलनामा नेपाली अर्थतन्त्रको निर्यातको ज.ग. कमजोर भएकोले जसले गर्दा आयातमा बढ्दो निर्भरता छ।

नेपालको वैदेशिक व्यापारका वृद्धिको पुनरावलोकन:

१) प्रारम्भिक अवस्थामा व्यापार सीमित र मुख्यत: भारत सँग केन्द्रित थियो।

२) आर्थिक उदारीकरणपछि आयात-निर्यातको परिमाण बढ्यो र नीजी क्षेत्रको सहभागिता विस्तार भयो।

३) विश्व व्यापार संगठनमा सदस्यतापछि अन्तर्राष्ट्रिय बजारमा पहुँच बढ्यो।

४) पछिल्ला वर्षहरूमा आयात तीव्र रूपमा बढ्दा व्यापार घाटा बढ्दो छ।

५) व्यापारको मात्रा बढे पनि निर्यात (Export) कमजोर र आयात (Import) मा निर्भरता उच्च रहेको छ।

छ.) नेपालको वैदेशिक व्यापारको दिशालाई समीक्षा गर्नुहोस्।
→ नेपालको वैदेशिक व्यापारको दिशा यस प्रकार रहेको छ :-
१) नेपालको वैदेशिक व्यापार मुख्यत: भारत तर्फ केन्द्रित रहेको छ।
२) पछिल्ला वर्षहरूमा चीन सँग व्यापारिक सम्बन्ध विस्तार हुँदै गएको छ।
३) रशिया बाहेकका केही युरोपेली र अमेरिकी बजारतर्फ पनि निर्यात विस्तार गर्ने प्रयास भएको छ।
४) व्यापारिक सम्बन्ध केही सीमित देशमा केन्द्रित भएकाले बजार विविधीकरण अझै कमजोर देखिन्छ।
५) समग्रमा नेपालको वैदेशिक व्यापारको दिशा छिमेकी मुलुकतर्फ बढी झुकेको भए पनि अन्य देशतर्फ विस्तार गर्ने प्रयास जारी रहेको छ।

ज.) नेपालको वैदेशिक व्यापारको संरचना उल्लेख गर्नुहोस्।
→ नेपालको वैदेशिक व्यापारको संरचना यस प्रकार रहेको छ :-
१) आयातमुखी संरचना - निर्यातभन्दा आयातको मात्रा धेरै रहेको छ।
२) कच्चा पदार्थ तथा कृषि वस्तुको निर्यात - चिया, कफी, अलैंची, जडीबुटी आदि वस्तुहरू निर्यात हुने गर्दछ।
३) तयार वस्तु र पेट्रोलियम पदार्थको आयात - मेसिनरी, सवारी साधन, औषधि, इलेक्ट्रोनिक्स तथा पेट्रोलियम पदार्थ आयात गरिन्छ।
४) सीमित देशमा व्यापार केन्द्रित - नेपालको अधिकांश व्यापार भारत र चीन सँग केन्द्रित रहेको छ।
५) व्यापार घाटा प्रधान अवस्था - निर्यात कम र आयात बढी भएकाले वैदेशिक व्यापार प्राय: घाटामुखी रहेको छ।

(संरचना भन्नाले कुनै वस्तु, विषय वा प्रणालीको बनावट तथा आन्तरिक व्यवस्था भन्ने बुझिन्छ)

# ५) (नेपालको वैदेशिक रोजगार नीति)

क.) श्रम भनेको के हो, अर्थ लेख्नुहोस्।
→ सामान्य भाषामा शारीरिक रूपमा काम गर्ने व्यक्ति (श्रमिक) र अन्य व्यक्तिको मिहिनेतलाई श्रम भनिन्छ। अर्थशास्त्रमा शारीरिक वा मानसिक रूपमा आर्थिक आर्जनको उद्देश्यले काम गर्ने व्यक्ति (श्रमिक) र उसको कार्य वा मिहिनेतलाई नै श्रम रूपमा लिइन्छ।

ख) रोजगारी र बेरोजगारीमा भिन्नता छुट्याउनुहोस्।
→ रोजगारी बेरोजगारीको विपरितार्थक शब्द हो। राज्यको मापदण्डअनुसार कामगर्ने उमेर पुगेका व्यक्तिले र वैधानिक कार्य गरी भुक्तानी प्राप्त गर्नु हो। रोजगारी र यस्तो कार्यबाट वञ्चित हुनुलाई बेरोजगारी भनिन्छ। रोजगारदाताबाट तलब पाउने गरी काम गर्ने, आफ्नै वा पारिवारिक व्यापार व्यवसायमा काम गर्ने र विविध कारणले स्वविदामा बसेका रोजगार हुन्। कामको योग्यता तथा सिप भएका तर एक महिनादेखि काम नपाएका वा काम खोज्दा नपाएका र अन्तिम योग्यता परीक्षा दिएर बसेका बेरोजगार हुन्।

ग.) वैदेशिक रोजगारलाई परिभाषित गर्नुहोस्।
→ एक देशबाट अर्को देशमा गई काम गर्नुलाई वैदेशिक रोजगार भनिन्छ। योग्यता तथा सिप भएका काम गर्न योग्य उमेर समूहका महिला तथा पुरुषहरू एक देशबाट अर्को देशमा गएर काम गर्नु वैदेशिक रोजगार हो।

घ.) नेपालको पन्ध्रौं आवधिक योजनाले तय गरेका वैदेशिक रोजगारका कार्यनीतिहरू उल्लेख गर्नुहोस्।
→ नेपालको पन्ध्रौं आवधिक योजनाले तय गरेका वैदेशिक रोजगारका कार्यनीतिहरू :-
क) नेपाली श्रमिकहरूको हकहितको संरक्षण र सामाजिक सुरक्षाका लागि श्रम कूटनीति अवलम्बन गर्ने
ख) विदेशमा रहेका सेवा प्रदायक संस्था, गैरआवासीय तथा प्रवासी नेपाली सङ्घ सङ्गठन र रोजगारदाता कम्पनीसँग समन्वय गरी कार्य गर्ने
ग) वैदेशिक रोजगार परिषद्को स्थापना गरी प्रभावकारी कार्य गर्ने
घ) भारतमा रोजगारीका लागि जाने कामदारलाई परिचयपत्र जारी गर्ने र बिमा/कल्याणकारी कोषमा आबद्ध गराउने कानुनी व्यवस्थाको कार्यान्वयन गर्ने
ङ) वैदेशिक रोजगारका लागि जानेहरूको पूर्व अभिलेख राख्ने सोखले विकृतिहरूको कडाइका साथ नियन्त्रण गर्ने।

ङ.) वैदेशिक रोजगार ऐन २०६४ दोस्रो संशोधन २०७५ ले वैदेशिक रोजगारका सम्बन्धमा गरेका मुख्य मुख्य व्यवस्था उल्लेख गर्नुहोस्।

→ वैदेशिक रोजगार ऐन २०६४ दोस्रो संशोधन २०७५ ले वैदेशिक रोजगारका सम्बन्धमा गरेका व्यवस्थाहरू यसप्रकार छन् ÷

- नेपाल सरकारले वैदेशिक रोजगारमा जान पाउने मुलुक तोक्नुपर्ने र ती मुलुकसँग द्विपक्षीय सम्झौता गर्नुपर्ने छ।
- वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र लिनुपर्ने र व्यक्तिलाई वैदेशिक रोजगारमा पठाउनु पूर्व श्रम विभागबाट स्वीकृति लिनुपर्ने छ। साथै वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थल प्रयोग गर्नुपर्ने छ।
- कामदार छनोट गर्दा १५ दिनको सूचना प्रकाशन गर्नुपर्ने र छनौटको नाम सूचना पाटीमा टाँस गर्नुपर्ने छ।
- वैदेशिक रोजगारका लागि बिना लैङ्गिक विभेद अठार वर्ष उमेर पुगेकालाई खुला प्रतिस्पर्धाबाट छनोट गर्नुपर्ने छ।
- वैदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी, जनजाति तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्न सक्ने छ।
- वैदेशिक रोजगारमा जानुअघि विभागले तोकेअनुसार अभिमुखीकरण तथा आवश्यक तालिम लिनुपर्ने छ।

च.) वैदेशिक रोजगार सम्बन्धी १६औं योजनाका नीतिहरू उल्लेख गर।

→ नेपाल राष्ट्रिय योजना आयोग द्वारा तयार गरिएको १६औं योजनामा वैदेशिक रोजगार सम्बन्धी प्रमुख नीतिहरू यसप्रकार छन् ÷

- सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगारीको प्रवर्द्धन गर्ने।
- वैदेशिक रोजगारीमा जाने श्रमिकको सीप विकास र तालिमको व्यवस्था गर्ने।
- श्रमिकको अधिकार संरक्षण तथा कानुनी सहायता प्रणाली सुदृढ गर्ने।
- श्रम सम्झौता (labour Agreement) विस्तार गरी नयाँ गन्तव्य मुलुक खोज्ने।
- वैदेशिक रोजगारीबाट प्राप्त सीप, प्रविधि र पूँजीलाई स्वदेशमा उपयोग गर्ने नीति अपनाउने।

छ.) वैदेशिक रोजगारको १५औं योजनाको रणनीति र कार्यक्रम उल्लेख गर्नुहोस्।

→ वैदेशिक रोजगार सम्बन्धी १५औं योजनाको रणनीति र कार्यक्रम यसप्रकार उल्लेख गरिन्छ ÷

१) नीतिहरू → (योजना / नीति)

- सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगारी सुनिश्चित गर्ने।
- सीपयुक्त जनशक्ति उत्पादन गरी वैदेशिक रोजगारीलाई गुणस्तरीय बनाउने।
- श्रम गन्तव्य देशहरूसँग द्विपक्षीय श्रम सम्झौता विस्तार गर्ने।
- श्रमिकको अधिकार संरक्षण तथा उद्धार र क्षतिपूर्ति प्रणाली सुदृढ गर्ने।
- वैदेशिक रोजगारीबाट प्राप्त सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय अर्थतन्त्रमा उपयोग गर्ने।

कार्यक्रमहरू

- प्रस्थानपूर्व अभिमुखीकरण (orientation) र सीप तालिम कार्यक्रम सञ्चालन।
- श्रम स्वीकृति तथा सूचना प्रणालीलाई प्रविधिमैत्री र पारदर्शी बनाउने।
- वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको पुन: एकीकरण कार्यक्रम सञ्चालन।
- वैदेशिक रोजगार बीमा र कल्याणकारी कोषको प्रभावकारी कार्यान्वयन।
- गन्तव्य मुलुकमा दूतावासमार्फत श्रमिक सहायता कक्ष सुदृढ गर्ने।

## ६ आर्थिक वृद्धि, मानव विकास तथा दिगो विकास अवधारणा

क.) आर्थिक वृद्धिको अर्थ लेख्नुहोस्।

→ आर्थिक वृद्धि भन्नाले कुनै देशमा निश्चित अवधिमा उत्पादन र राष्ट्रिय आय (National Income) मा भएको वृद्धिलाई जनाउँछ।

ख.) आर्थिक विकास भनेको के हो? उल्लेख गर्नुहोस्।

→ देशको आय वृद्धि सँगै जनताको जीवनस्तर र समग्र सामाजिक - आर्थिक अवस्थामा सुधार हुनु नै आर्थिक विकास हो।

ग.) कुनै तीन वर्षको नेपालको आर्थिक वृद्धिदर उल्लेख गर्नुहोस्।

→ नेपालको आर्थिक वृद्धिदर ÷

| आर्थिक वर्ष | वृद्धिदर (प्रतिशतमा) |
|---|---|
| २०७३/७४ | ८.६ |
| २०७४/७५ | ७.४ |
| २०७५/७६ | ६.४ |

घ) मानव विकासलाई परिभाषित गर्नुहोस्।

→ मानव विकास भनेको मानिसहरूको जीवनस्तर सुधार गर्ने, उनीहरूको क्षमता वृद्धि गर्ने, र जीवनका अवसरहरूमा पहुँच सुनिश्चित गर्ने दीर्घकालीन प्रक्रिया हो।

ङ) मानव विकासका सूचकाङ्कहरूको व्याख्या गर्नुहोस्।

→ मानव विकासका सूचकाङ्कहरू यस प्रकार रहेका छन्÷

१) राम्रो जीवनका लागि आम्दानी    ३) जीवन प्रत्याशा (life expectancy)

२) शिक्षा

च) दिगो विकास भनेको के हो? यसका तीन आयामहरूको चर्चा गर्नुहोस्।

→ दिगो विकास भन्नाले आजका आवश्यकता पूरा गर्दै, भविष्यका पुस्ताहरूको आवश्यकतालाई पनि ध्यानमा राख्ने विकासलाई जनाउँछ।

दिगो विकासका आयाम(पक्ष)हरू :

१) आर्थिक विकास : दीर्घकालीन आर्थिक वृद्धि सुनिश्चित गर्ने।

२) सामाजिक विकास : समानता, शिक्षा, स्वास्थ्य र जीवनस्तर सुधार।

३) वातावरण संरक्षण : प्राकृतिक स्रोतको संरक्षण र पुनः प्रयोग, प्रदूषण कम गर्ने, जैविक विविधता कायम राख्ने र वातावरण सन्तुलन सुनिश्चित।

छ) दिगो विकासका पाँच स्तम्भहरूको व्याख्या गर्नुहोस्।

→ दिगो विकासका पाँच स्तम्भहरू यसप्रकार रहेका छन्÷

१) पृथ्वी (Planet) - वातावरण संरक्षण, प्राकृतिक स्रोतको सदुपयोग र प्रदूषण न्यूनीकरण।

२) ~~मानव~~ मानव (People) - गरिबी, भोक, स्वास्थ्य, शिक्षा र सामाजिक समावेश सुनिश्चित गर्नु।

३) समृद्धि (Prosperity) - आर्थिक वृद्धि र जीवनस्तर सुधार।

४) शान्ति (Peace) - हिंसा, असमानता र अस्थिरता कम गरी स्थिर समाज निर्माण।

५) साझेदारी (Partnership) - राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा सहयोग, सहकार्य र उत्तरदायित्व।

ज) दिगो विकासको कार्यान्वयनका लागि नेपाल सरकारले चालेका कदमहरूको विश्लेषण गर्नुहोस्।

→ दिगो विकासलाई मध्यनजर गर्दै नेपाल सरकारले जनस्वास्थ्य, पशुस्वास्थ्य र वातावरणीय स्वास्थ्यबिच सन्तुलन कायम गर्न स्वास्थ्य रणनीति कार्यान्वयनमा ल्याएको छ। यसका साथै नेपाल सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, उन्नत बिउबिजन कार्यक्रम, सिँचाइ आयोजनाहरू, कृषि प्रयोगशाला सेवा कार्यक्रम आदि कार्यान्वयनमा ल्याएको छ। उद्योगक्षेत्रलाई व्यवस्थित गर्नका लागि विशेष आर्थिक क्षेत्र ऐन जारी गरी विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ। सहरी विकास कार्यक्रमअन्तर्गत घरपरिवारबाट उत्पन्न हुने फोहोर व्यवस्थापनका लागि सरकारले भू-वातावरणीय कार्यक्रम, जनता आवास कार्यक्रम, सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनमा ल्याएको छ। वातावरण तथा जलवायु परिवर्तनसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू सञ्चालनमा आएका छन्। यसरी दिगो विकासको कार्यान्वयनका लागि नेपाल सरकारले विभिन्न कदम चालेको छ।

## (10) (नेपालमा गरिबी चक्र र सम्बोधनका उपायहरू)

क) गरिबीको अर्थ लेख्नुहोस्।

→ गरिबी भनेको आफ्नो आम्दानीले आफ्नो दैनिक आधारभूत आवश्यकता गाँस, बास तथा कपास जस्ता समस्याहरू समाधान गर्न नसक्नु हो।

ख) सापेक्ष गरिबी भनेको के हो र निरपेक्ष गरिबीलाई परिभाषित गर्नुहोस्?

→ ~~सापेक्ष~~ सापेक्ष गरिबीलाई अन्य व्यक्तिको आयसँग तुलना गरिन्छ। यसमा एउटा व्यक्तिले आफ्ना आधारभूत आवश्यकताहरू पूरा गरेको छ तर समाजका अन्य व्यक्तिहरूभन्दा कम आम्दानी गर्दछ भने त्यो व्यक्ति सापेक्ष गरिबीभित्र पर्दछ।

→ निरपेक्ष गरिबी भनेको आफ्ना आधारभूत आवश्यकताहरू पनि पूरा गर्न नसक्ने अवस्था हो।

ग) गरिबीको चक्रलाई माग र पूर्ति दुवै पक्षको सूचकाङ्कका आधारमा व्याख्या गर्नुहोस्।

→ गरिबीको चक्र (poverty cycle) लाई माग र पूर्ति दुवै पक्षको सूचकाङ्कको अनुसार आधारमा व्याख्या यसप्रकार गरिएको छ।

गरिबीको चक्रले एउटा व्यक्ति वा राष्ट्र गरिब भएको कारणले नै पुन: गरिबीमा पुग्छ भन्ने कुरा देखाउँछ। गरिबी एउटा यस्तो तत्व हो जसले निरन्तर गरिबीभित्र नै परिक्रमा गरिरहन्छ। गरिबी चक्र अभिवबाट सुरु भई अभावमा नै आएर टुङ्गिन्छ।

माग पक्ष - मानिसहरूसँग शिक्षा, स्वास्थ्य, पोषण र रोजगारी जस्ता आधारभूत आवश्यकताहरूको पहुँच कम हुन्छ।

पूर्ति पक्ष : समाज वा अर्थतन्त्रले आवश्यक सेवाहरू पर्याप्त रूपमा उपलब्ध गराउन सक्दैन, जस्तै रोजगारको अवसर, तालिम, पूँजी वा वित्तीय सुविधा। यसकारण माग-पूर्ति दुवै पक्ष कमजोर हुँदा मानिसहरू दिगो गरी गरिबीबाट बाहिर निस्कन सक्दैनन र यो चक्र निरन्तर चलिरहन्छ।

ङ) नेपालका लागि गरिबी चक्रको सम्बोधनका (हटाउने) उपायहरूको व्याख्या गर्नुहोस्।

→ नेपालका लागि गरिबी चक्रको सम्बोधनका उपायहरू यसप्रकार छन् :

१) लगानी वृद्धि
२) प्राकृतिक साधनको प्रयोग
३) रोजगारीमा वृद्धि
४) कृषिमा आधुनिकीकरण
५) शिक्षा तथा तालिमको व्यवस्था

च) नेपाल सरकारको गरिबी निवारण नीति २०७६ले नेपालको गरिबी कुन कुन आधारमा परिभाषित गरेको छ ? ती आधारहरू उल्लेख गर्नुहोस्।

→ नेपाल सरकारको गरिबी निवारण नीति २०७६ले नेपालको गरिबी निम्न आधारमा परिभाषित गरेको छ। ती आधारहरू यसप्रकार रहेका छन् :

- उपभोग - आधारभूत आवश्यकताको परिपूर्ति ; सक्षमता - जीवनको गुणस्तर
- ~~असमा~~ असमानता र विभेद तथा मानव अधिकारको हनन।